# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३ ) काठमाडौं, वैशाख १८ गते २०६० साल ( अतिरिक्ताङ्क ५ (क)

## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा चौथों संशोधन) नियमावली, २०६०

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) (चौथों संशोधन) नियमावली २०६० रहेको छ ।

(२) यो नियमावलीको नियम (५) को उपनियम (१) मिति २०५८।८।८ देखि र अन्य नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ३ मा संशोधन : शाही नेपाली सेना (निवृत्तभरण, उपदान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र अन्य सुविधा) नियमावली, २०३३ (यसपछि मूल नियमावली भनिएको) को नियम ३ को, -

(१) उपनियम (१) मा रहेका "रथीवृन्द र सोदेखि मुनि सहायक सेनानी-सम्मलाई बीस वर्ष सेवा अवधि पूरा भएपछि र अनरेरी सह-सेनानी र सो-देखि मुनि जमदारसम्मलाई सत्र वर्ष र हुद्दा तथा सोदेखि मुनि फालवर्स सम्मलाई सोन्ह वर्ष सेवा अवधि पूरा भएपछि" भन्ने शब्दहरूको सट्टा "सैनिक जवानलाई बीस वर्ष अवधि पूरा भएपछि" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुभन्दा अगावै भर्ना भएका सैनिक जवानको निवृत्तभरण प्रयोजनका लागि सेवा निवृत्त हुनसक्ने उमेर साविक-बमोजिम नै हुनेछ ।"

३. मूल नियमावलीमा नियम ३ख. थपः मूल नियमावलीको नियम ३क पछि देहायको नियम ३ख. थपिएको छ:-

"३ख. अवकाशसम्बन्धी विशेष व्यवस्थाः (१) उपसेनानी, सहसेनानी र सेनानी पदमा बढुवा हुनका लागि आवश्यक पर्ने तालिममा सरिक हुन योग्य सैनिक जवानलाई एक वर्षमा एक पटकमा नबढ्ने गरी तीन पटकसम्म त्यस्तो तालिमको अवसर प्रदान गरिनेछ र तीन पटकसम्म अनुत्तीर्ण हुने सैनिक जवानलाई पुनः तालिममा समावेश गरिनेछैन ।

(२) उपनियम (१) बमोजिमको बढुवा हुनका लागि आवश्यक पर्ने तालिम तोकिएको समयावधिभित्र पूरा गर्न नसकेमा वा स्वास्थ्यको कारणबाट त्यस्तो तालिम गर्न अक्षम छ भनी मेडिकल बोर्डले सिफारिस गरेमा प्रधान सेनापतिको सिफारिसमा श्री ५ को सरकारले त्यस्ता सैनिक जवानलाई सेवाबाट अवकाश दिन सक्नेछ"

४. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ मा रहेका "मिलिसियाका अधिकृत दर्जाका सैनिक जवानले बीस वर्ष सेवा अवधि पूरा गरेपछि र सोदेखि मुनिका अरू सैनिक जवानले सत्र वर्ष सेवा अवधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

पूरा गरेपछि'' भन्ने शब्दहरूको सट्टा ''मिलिसियाका सैनिक जवानले बीस वर्ष'' भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावली नियम ७को,–

(१) उपनियम (५) पछि देहायका उपनियम (५क) थपिएको छ–

''(५क) जङ्गी कारबाही भएको बखत वा राज्यद्वारा घोषित आतङ्ककारी वा शत्रु दमन गर्ने कार्यमा खटिएको बखत आतङ्ककारी वा शत्रुको कारबाहीबाट कुनै सैनिक जवानको मृत्यु भएमा नियम ७ मा उल्लिखित सुविधाको अतिरिक्त मृतक सैनिक जवानको साविक दर्जाभन्दा एक दर्जामाथिको सैनिक जवानले पाउने पारिवारिक निवृत्तभरण र उपदान नजिकको हकवालालाई प्रदान गरिनेछ।''

(२) उपनियम (७) पछि देहायको उपनियम (७क) थपिएको छ–

''(७क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि सैनिक जवानको सरकारी काम वा जङ्गी कारबाहीको अवस्थामा बाहेक अन्य साधारण अवस्थामा मृत्यु भएमा निजको सेवाअवधिमा पाँच वर्षसम्म थप गरेमा निवृत्तभरण पाउने रहेछ भने त्यस्तो सैनिक जवानको सेवा अवधिमा निवृत्तभरण पाउने अवधि पुऱ्याउन बढीमा पाँच वर्ष थप गरी निजको हकवालालाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ रोजेर दिइनेछ ।''

आज्ञाले,
मदनप्रसाद अर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
1025

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८०